***Humanities and Social Sciences Journal,*** Volume 13, Number 2, 2022, pp. 163–173

# नेपालको राजनीतिमा कम्युनिस्ट पार्टी र बहुमतको सरकार

**डा. ढाकाराम सापकोटा***

**सारसङ्क्षेप**

प्रस्तुत आलेखमा नेपालको राजनीतिमा कम्युनिष्ट पार्टी र बहुमतको सरकारसम्बन्धी विषयलाई अनुसन्धनात्मक स्वरूपमा राखिएको छ । यसका निम्ति नेपालको राजनीतिक श्रृङ्खलामा आएका कम्युनिष्ट पार्टीहरूको उल्लेख गरिएको छ। कम्युनिष्ट पार्टीको बहुमतको सरकार निर्माण भएका विविध अवस्थालाई निक्यौल गर्नु यस आलेखको उद्देश्य हो । यसमा कम्युनिष्ट पार्टीको बहुमतको सरकार बन्ने कारक पक्षहरू के कस्ता रहेका छन् भन्ने सन्देशलाई शोधात्मक समस्या रहेको छ । आलेखमा प्रयोग भएका सामग्रीहरू पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ। विश्लेषणात्मक ढाँचा र एपिए शैलीको प्रयोग गरी लेखलाई सम्पन्न गरिएको छ । ऐतिहासिक घटना र तथ्यका आधारमा कम्युनिष्ट पार्टीको बुहमतको सरकार बन्ने अवस्था रहेको साथै विभाजित भएर त्यसको असर परेको निष्कर्ष प्रस्तुत आलेखबाट प्राप्त भएको छ ।

*शब्दकुञ्जी* **:** एकाकार, गठबन्धन, जालीतमसुक, वाममोर्चा, साम्राज्यवाद, संविधानसभा

## विषय प्रवेश

कोतपर्वपछि नेपालमा राणा शासनको उदय भयो। जङ्गबहादुर राणाले हत्याएको विशेषाधिकारलाई उनीपछिका सबैजसो राणा प्रधानमन्त्रीहरूले पनि निरन्तरता दिए । देश राणाशासकको निरङ्कुश पद्धतिमा अगाडि बढिरहेको थियो । यद्यपि सदाकाल त्यो अवस्था यथावत् कायम रहन सकेन । प्रथम र दोस्रो विश्वयुद्ध, ती युद्धहरूमा नेपाली सेनाको सहभागीता तथा विश्वराजनीतिमा देखिँदै गएको परिवर्तित अवस्थाका कारण नेपालमा राणा शासन विरोधी भावनाले बिस्तारै गति लिन थाल्यो । परिणामत : सामाजिक, सांस्कृतिक, साङ्गठनिक गतिविधिका अतिरिक्त प्रचण्ड गोर्खा, प्रजा परिषद्जस्ता राजनैतिक सङ्गठहरूसमेत क्रमशः स्थापना हुँदै गए। ती सङ्गठनबाट हुन सक्ने गतिविधिहरूलाई राणा शासकहरूले सुरुदेखि नै नियन्त्रण गर्दै पनि गए ।

बिसौं शताब्दीको मध्यसम्म आइपुग्दा एसिया र अफ्रिकामा आएको जागरणका कारण साम्राज्यवादी शक्तिहरूको असफलता तथा त्यस क्षेत्रमा कैयौं स्वतन्त्र राज्यहरूको उदय भयो । त्यसैक्रममा भारत, पाकिस्तान, बर्मा, इन्डोनेसिया, घानाजस्ता देशहरूको स्वतन्त्रताले नेपाललाई पनि प्रभावित बनायो। विश्वमा आएको स्वतन्त्रता सम्बन्धी अवधारणालाई नेपालका राणा शासकहरूले नियन्त्रण गर्न खोजेर पनि हुने अवस्था भएन । राणा शासन विरुद्ध आन्दोलन गर्न भारतमा गएर बसेका नेपालीहरूले अहिंसात्मक साधनद्वारा जनताको सहयोगले जनउत्तरदायी सरकारको स्थापना गर्ने उद्देश्य राखेर २००३ माघ १२ गते

* उपप्राध्यापक, इतिहास विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल ।

'नेपाली राष्ट्रिय काँग्रेस' (नेराका) नामको राजनीतिक सङ्गठन स्थापना गरे (गौतम, २०५५ : ५१) । जुन कुराबाट राणा शासन विरुद्ध रहेका नेपालीलाई ठुलो हौसला मिल्यो । तर उक्त पार्टीले आह्वान गरेको राणा विरोधी आन्दोलनलाई बिचैमा राक्ने मात्र होइन नेतृत्वको विषयलाई लिएर पार्टी नै विभाजन भयो । ठुलो आशा र भरोसा गरेको पार्टीको त्यसखालका गतिविधीले युवाहरूलाई निराश बनाउँदै गयो । त्यसमा पनि नेराकाको सचिव भएर काम गर्दै गरेका पुष्पलालले अझै बढी अनिश्चितता बढेको महसुस गरे (पुष्पलाल, २०५३ : १८) । फलतः त्यस्तै सोच र शैलीले नेपालमा राणा शासन विरोधी क्रान्ति र आमूल परिवर्तनको लक्ष्य प्राप्त हुन नसक्ने ठहर गरी बिकल्पको खोजी गर्नुपर्ने आवश्यकता महसुस गर्दै भारतको जयनगरबाट "अपसोसको साथ मलाई भन्नु परिरहेछ कि म अब नेपाली काँग्रेसबाट छुट्टी लिन चाहन्छु" भन्ने ब्यहोराको पत्र डिल्लीरमण रेग्मीलाई लेखी नेराकाबाट अलग भएको जानकारी दिए (के.सी.,२०६२ : २२२) । कांग्रेसको विकल्प उही नामको अर्को पार्टी हुन नसक्ने निष्कर्षमा पुगेका पुष्पलाल त्यसको विकल्प शक्तिका रूपमा नेकपा हुने गरी पार्टी स्थापनाको तयारीतर्फ अगाडि बढेर अन्ततः स्थापना गर्न पुगे । सो पार्टीले नेपालको राजनीतिमा आफुलाई अग्रस्थानमा राख्ने र सोही अनुसारको भूमिका खेल्ने प्रयास गऱ्यो ।

## अध्ययन विधि

प्रस्तुत लेख नेपालमा कम्युनिस्ट पार्टी स्थापनाको पृष्ठभूमि खोतल्दै कम्युनिस्ट पार्टीले २०७४ सालमा बहुमतको सरकार गठन गर्दासम्मको घटनाक्रमको विश्लेषण गर्नुलाई मुख्य उद्देश्य बनाइएको छ । पुस्तकालयी स्रोतमा द्वितीय स्रोतलाई उपयोग गर्दै लेख तयार पारिएको छ । लेख ऐतिहासिक विषयबस्तुसँग सम्बन्धित भएको हुँदा ऐतिहासिक अध्ययन विधिका आधारभूत पद्धतिमा अन्तर्निहित भएर वर्णनात्मक र विश्लेषणात्मक विधिका माध्यमबाट निष्कर्षमा पुगिएको छ ।

### नेकपाको स्थापना

सन् १९१७ मा सम्पन्न भएको रुसको अक्टुबर क्रान्तिले विश्वमा एउटा नयाँ युगको सूत्रपात गरेको थियो । त्यसपछि विश्वमा समाजवादी अवधारणाले बिस्तारै गति लिँदै गयो । विश्वका धेरैजसो देशहरूमा कम्युनिस्ट पार्टीको गठन हुने र तिनै पार्टीको नेतृत्वमा आन्दोलन अगाडि बढ्ने क्रम पनि तीव्र बन्दै जान थाल्यो । दोस्रो विश्वयुद्धमा नाजीवादलाई परास्त गर्नमा सोभियत सङ्घले खेलेको निर्णायक भूमिकाका कारण पूर्वी युरोपेली मुलुकहरूमा धमाधम कम्युनिस्ट सरकारहरू गठन हुनेक्रम बढ्दै गयो । नेपालको दक्षिणतर्फको छिमेकी मुलुक भारतमा सन् १९२० मा  र उत्तरमा अवस्थित अर्को छिमेकी मुलुक चीनमा सन् १९२१ मा कम्युनिस्ट पार्टीको स्थापना भयो (के.सी.,२०६५ : ३२) । राजनीतिक रूपमा आएको जागरणले परिवर्तन ल्याउने क्रम निकै तीव्र गतिमा अघि बढ्यो । छिमेकी मुलुक भारतमा सन् १९४७ को क्रान्ति सफल भएर अङ्ग्रेज साम्राज्यको अन्त्य भयो । छिमेकी मुलुकमा आएको परिवर्तनसँगै अन्तर्राष्ट्रियस्तरमासमेत अनुकूल परिस्थिति विकसित हुँदै जाँदा २००६ साल वैशाख १० (२२ अप्रिल १९४९) का दिन कलकत्तामा पुष्पलालसहित अन्य ५ जना मिलेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को स्थापना भयो (भुसाल,.पन्थी.र सापकोटा, २०७८ : ५१) । त्यस सङ्गठन समितिले पुष्पलाललाई पार्टीको महामन्त्रीमा चयन गर्नुका साथै केन्द्रीय रूपमा सङ्गठन गर्ने जिम्मेवारी पनि दियो ।

नेकपा गठन हुँदा त्यसका तत्कालीन र दीर्घकालीन गरी दुई किसिमका उद्देश्य थिए । तत्कालीन उद्देश्य शताब्दीभन्दा लामो निरङ्कुश राणा शासनको अन्त्य गर्नु थियो भने दीर्घकालीन उद्देश्यहरू नेपालमा वामपन्थी विचारधाराको सशक्त रूपले प्रचार प्रसार गर्ने, पुस्तौंदेखि नेपाली समाजमा कायम रहँदै आएको

सामन्ती र अर्धसामन्ती समाज, जसको नेतृत्व राजसंस्थाले गर्दै आएको थियो । त्यो अवस्था र नेपालमा विस्तार हुँदै गएको भारतीय साम्राज्यवादको अन्त्य गर्नु थियो (उप्रेती र बुढाथोकी, २०५६, ३१–३२) । नेकपाको स्थापना र त्यसको प्रथम घोषणापत्र प्रकाशनको समय बढ्दो राणा शासन विरोधी आन्दोलनको समय थियो । जागृत युवाहरू नेकपाप्रति आकर्षित थिए । त्यसरी आकर्षित हुनेमा खासगरी नेराका र प्रजा पञ्चायत लगायतका दलमा रहेर असन्तुष्ट भएका र भारतीय कम्युनिस्ट पार्टीसँग सम्पर्कमा रहेका युवाहरू थिए । नेकपाको गठन हुँदा राणा शासन विरुद्धको आन्दोलनले क्रमशः उचाइ लिँदै थियो । फलतः राणा शासन विरुद्धको आन्दोलनमा नेकपा पनि सक्रियताका साथ मैदानमा उत्रियो ।

**२००७ सालको आन्दोलन र नेकपा**

नेकपाको स्थापना हुँदा देशमा राणा शासन विरोधी आन्दोलन चलिरहेको थियो । पुष्पलालले पार्टीका नेतासहित आमकार्यकर्तालाई राणा विरोधी आन्दोलनमा सक्रिय सहभागी हुन आह्वान गरे । सोहीअनुसार पार्टीका नेता तथा कार्यकर्ता आन्दोलनमा सहभागी हुनेक्रम बढेर गयो । आन्दोलनको नेतृत्व गरिरहेको नेकाले आन्दोलन आफु नियन्त्रित होस् भन्ने चाहेको थियो । त्यसैले आन्दोलनमा नेकपाको सहभागीलाई सहज रूपमा लिन सकेन । त्यस्तै सोच आन्दोलनलाई समर्थन गर्दै आएको भारतीय पक्षको पनि थियो । फलतः राणा विरुद्धको आन्दोलनमा सक्रिय रहेका नेकपाका नेता तथा कार्यकर्ता राणा, कांग्रेस र भारत गरी तीन पक्षीय चेपुवामा परेका थिए । आन्दोलनमा लागेका मनमोहन अधिकारी लगायतका नेतालाई मुक्तिसेनाले रघुपति जुटमिलमा थुनेर राख्यो । वंगालमा पुष्पलाल विरुद्ध वारेन्ट जारी गऱ्यो (सापकोटा, २०६४, ६०) । राणा शासन विरुद्ध चलेको आन्दोलन राजा, राणा र कांग्रेसका बिच दिल्लीमा भएको सम्झौतापछि रोकिन पुग्यो । नेकाले आन्दोलन रोक्न उर्दी जारी गऱ्यो । यद्यपि लडाइको मोर्चामा रहेका डा.के.आई. सिंह, भीमदत्त पन्त लगायतले सम्झौताप्रति असन्तुष्टि जनाउँदै आन्दोलनलाई निरन्तरता दिए । नेकपाले दिल्ली सम्झौतालाई धोकाको संज्ञा दियो (गुरुङ, सन् २०००, ११) । सम्झौताप्रति असन्तुष्ट रहेको नेकपाले त्यसपछिका सबैजसो आन्दोलनलाई समर्थन जनाउन पुग्यो ।

दिल्ली सम्झौतापछि मोहनशमशेरको नेतृत्वमा राणा र नेकाको संयुक्त सरकार गठन भयो । सरकारमा सहभागी रहेको नेकाले राणा शासन विरुद्ध लडेको नेकपालाई प्रतिद्वन्द्वी देख्न थाल्यो । मातृकाप्रसाद कोइराला नेतृत्व सरकारले २००८ सालमा नेकपामाथि प्रतिबन्ध लगायो । जुन २०१३ सालसम्म कायम रह्यो । नेकाको वैकल्पिक शक्तिका रूपमा अघि बढ्दै गरेको नेकपालाई सुरुदेखि नै नियन्त्रणमा राख्ने कायम भयो । राणा शासन विरुद्ध लडेका दल र तिनका नेताले सत्तालाई केन्द्रमा राख्न थाले । त्यसैको फलस्वरूप आन्दोलनको नेतृत्व गरेको नेका पनि विभाजित भयो । राजालाई खुसी पारेर सत्तामा पुग्ने कुरामा प्रतिस्पर्धा चल्दै जाँदा प्रजातन्त्रलाई भन्दा पनि राजालाई शक्तिशाली बनाउने खेल चल्यो । मुलुकलाई अस्थिर राजनीतितर्फ धकेल्ने काम भयो । त्यही अस्थिर राजनीतिलाई उपयोग गर्दै नेकपाले शताब्दियौँदेखि आवाजविहीन भएका जनताको पक्षमा आवाज मात्र उठाएनकि जाली तमसुक च्यात्ने, अन्नका भकारी फोरेर अनाज बाँड्ने र जनतालाई सामन्तीशैलीको व्यवहार गर्नेलाई कारवाही गर्दै जनतासँग एकाकार भएर अघि बढ्यो (पुष्पलाल,२०५३, ७८) ।

**२०१५ सालको आमनिर्वाचनमा नेकपा**

राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना भएको चारवर्ष राजा त्रिभुवनले शासन गरे । तर उक्त समयभित्र देश सुहाउँदो एउटा स्थिर राजनैतिक व्यवस्थाको विकास हुन सकेन । देशको राजनैतिक स्वरूप

निर्धारण गर्न दुई वर्षभित्र हुनुपर्ने संविधानसभाको चुनाव चारवर्ष बितिसक्दा हुन सकेन । राजनीतिक दलहरूको सारा ध्यान सत्तातर्फ केन्द्रित हुँदै जान थाल्यो । राजालाई खुसी पार्न सके सत्ता पाउने सजिलो बाटो रोज्नथाले । संविधानसभाको चुनाव गर्ने गरी भएको शाही घोषणालाई दलहरूले नै विवादको विषय बनाए । करिव ८ वर्ष अन्यौलको अवस्थामा रहेको राजनीतिलाई निकासा दिन राजा महेन्द्रले २०१५ साल फागुन ७ गतेबाट संसदको निर्वाचन हुने गरी मिति तोक्दै संविधान पनि छिट्टै ल्याइने गरी विवादीत बन्दै आएको विषयलाई टुङ्ग्याई दिए (देवकोटा, २०५८, ५१९) ।

राजाले गर्ने भनेको संसदीय निर्वाचनका सम्बन्धमा दलहरूका फरकफरक धारणा देखिन थाल्यो । २०१५ साल माघमा बसेको नेकपाको उत्तरगण्डक प्रान्तीय समितिको बैठकले संविधानसभाको निम्ति आन्दोलन चलाउने प्रस्ताव पारित गऱ्यो । तर केन्द्रीय समितिको बहुमतले उक्त प्रस्तावलाई अस्वीकार गरी राजाद्वारा दिइने संविधान प्रजातान्त्रिक हुनुपर्छ भन्ने नारालाई अगाडि बढाउने निर्णय गऱ्यो । फागुन १५-१६ गते जनकपुरमा बसेको केन्द्रीय समितिको बैठकले मूलतः शाही आह्वानअनुसारको संसदीय निर्वाचनमा भाग लिने निर्णय लियो । त्यस्तै २०१५ जेठ २४ मा काठमाडौँमा बसेको केन्द्रीय समिति बैठकले विधानसभाको मागलाई एउटा आदर्शवादी विचार भन्दै देशको बस्तुस्थितिबाट विधानसभाको चुनाव सम्भव छैन भन्ने निष्कर्ष निकाल्यो (के.सी.,२०६२, १६) । संविधानमा देखापर्ने त्रुटिहरूलाई भविष्यमा संसद्कै माध्यमद्वारा सुधार गर्न सकिने महसुस गरी संविधानसभाको पक्षमा भएका पार्टीहरू पनि बिस्तारै संसद्को चुनावमा भाग लिने मनस्थितिमा पुग्दै गर्दा नेकपा पनि त्यही निष्कर्षमा पुग्यो । उसले जारी गरेको घोषणापत्रमा चुनावलाई देशको सबैभन्दा ठुलो राजनीतिक घटना भएको उल्लेख गर्दै देशमा चौतर्फी प्रजातन्त्रको विकास गराई संसदीय प्रणालीलाई बलियो बनाउने र त्यही माध्यमबाट जनताको अधिकारको रक्षा गर्दै प्रजातन्त्रको रक्षा गर्ने तथा राष्ट्रिय एकतालाई सुदृढ बनाउने उल्लेख थियो (भुसाल, २०७०, १०५-२०) । निर्वाचन हुँदाका बखत नेपाललाई कुल १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । त्यसमध्ये नेकपाले ४७ स्थानमा उम्मेदवार उठाएर ४ जना विजयी हुनुको साथै कुल मतमध्ये ७.२० प्रतिशत पायो (देवकोटा, २०५८, ५९९) । विजयी उम्मेदवार र पाएको मत प्रतिशतका हिसावले नेकपा संसदमा चौथो ठुलो दल थियो । संसदीय भूमिकाका हिसाबले गण्डक सम्झौतामा नेपाल ठगिएको, भारतले नेपालमाथि अनावश्यक दवाव दिने गरेको, भ्रष्टाचार, महङ्गी र शान्तिसुरक्षा जस्ता जल्दाबल्दा र जनसरोकारका विषयमा सशक्त आवाज उठाउँदै आयो ।

**पञ्चायती व्यवस्था र राजनीतिक दलमाथिको प्रतिबन्ध**

२०१५ सालको आमनिर्वाचनमा दुई तिहाई मत पाएको नेकाले संसदीय दलका नेता वि.पी. कोइरालाको नेतृत्वमा सरकार गठन गऱ्यो । आमनिर्वाचन भएर सरकार गठन हुने कुराले लामो समयको अस्थिर राजनीतिको अन्त्य भएको ठानियो जुन स्वाभाविक थियो । सरकार भने जनभावनाअनुसार काम गर्ने कुरामा चुक्दै गयो । जसका कारण जनतामा निरास छायो भने लामो समय अस्थिर राजनीतिबाट फाइदा उठाएका तत्त्वहरू पनि सलबलाउन थाले । स्वयम् नेकाभित्रैबाट सरकारका काम कारवाहीप्रति असन्तुष्टीका आवाज मुखरित भए । २०१७ जेठमा सरकारमा नरहेका २६ संसादहरूले मन्त्रीहरूलाई मनमानी गर्न र भ्रष्टाचार गर्न नदिने कसैले गरेमा एकमुष्ठ एक भई त्यसको विरोध गर्ने गोप्य सहमति गरेका थिए (अधिकारी, २०७१, १७०) । नेकपाले परिस्थितिका बारेमा सरकारलाई सचेत बनाउने प्रयास गऱ्यो तर सरकार गम्भीर भएन । सुरुदेखि नै राजा काँग्रेसभित्रको आन्तरिक कलहमा खेल्न जोत्दै थिए । त्यही परिस्थितिको फाइदा उठाउँदै २०१७ पौष १ गते राजा महेन्द्रले संसदीय व्यवस्थाको अन्त्य गरी राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाउँदै निर्दलीय पञ्चायती व्यवस्था लागु गरे । राजाको उक्त कदमका

विरुद्ध संसदमा रहेका ६ दलमध्ये नेका र नेकपामात्र देखिए । यद्यपि शाही कदमलाई हेर्ने सवालमा नेकपामा एउटै मत रहन सकेन । दरभङ्गा प्लेनमपछि त पार्टीले विभाजनको बाटो समायो ।

२०१७ सालमा मस्कोमा भएको अन्तर्राष्ट्रिय कम्युनिस्ट सम्मेलनले तेस्रो विश्वका मुलुकहरूका लागि राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित गऱ्यो । तर रुस र चीनका कम्युनिस्ट पार्टीबिचको मतभेदले विश्व कम्युनिस्ट आन्दोलनमा नयाँ स्थितिको सिर्जना गऱ्यो । भारतका अजय घोष, भियतनामको कम्युनिस्ट पार्टीलगायत विश्वका कम्युनिस्ट नेताहरूले रुस र चीन दुवै देशका पार्टीलाई आपसमा कुराकानी गरी मतभेद टुङ्ग्याउन र कम्युनिस्ट आन्दोलनको रक्षा गर्न अनुरोध गरेका थिए । तर मतभेद सार्वजनिक हुँदै गएका बेला विश्व कम्युनिस्ट आन्दोलनमा रुस र चीन अलग अलग खेमामा देखापर्दै गए । रुसपक्षले राष्ट्रिय प्रजातन्त्रको र चीनपक्षले नौलो जनवादको कार्यक्रमलाई अघि सारे । नेपालमा नेकपाको एक पक्षले २०१९ सालमा दोस्रो महाधिवेशनबाट निर्वाचित महासचिव रायमाझीलाई छाडेर पार्टीको तेस्रो महाधिवेशन गऱ्यो । जुन महाधिवेशनलाई चुनौती दिँदै रायमाझीले पनि छुट्टै पार्टी बनाएर अघि बढे (के.सी.,२०६५, १) । फलतः तेस्रो महाधिवेशनपछि नेकपामा फुटको सुरुआत भयो । विश्व कम्युनिस्ट आन्दोलनमा देखिएको घटनाक्रमले प्रभावित हुँदै यहाँ पनि नौलो जनवादी कार्यक्रमअन्तर्गत आन्दोलन गर्नेक्रम चल्यो । त्यसमध्ये झापा आन्दोलन (२०२८), अर्घाखाँचीको बर्रे काण्ड (२०३०), चितवनको जुगेडी सङ्घर्ष (२०३४), पूर्तिघाट सङ्घर्ष, धनकुटाको छिन्ताङ काण्ड (२०३६), सिन्धुपाल्चोक पिस्कर हत्याकाण्ड (२०४०) लगायतका आन्दोलन चर्चामा थिए । त्यसबेलाको ‘अर्धसामन्ती, अर्धऔपनिवेशिक’ राज्यसत्ताका विरुद्ध सङ्घर्ष यो लाइनसम्म सबै कम्युनिस्ट पार्टीहरू ठिक थिए । तर त्यो सङ्घर्ष चाहिँ कसरी हुन्छ ? कसरी गर्ने ? भन्ने बाटो लिन फरक-फरक तर्कसहित फुट्नेक्रम तीव्र गतिमा हुनथाल्यो ।

शाही कदमका विरुद्ध नेकाले पनि २०१८ साल कार्तिकबाट सशस्त्र आन्दोलन गऱ्यो । यद्यपि उक्त आन्दोलन प्रभावकारी नभएको भन्दै २०१९ कार्तिक २३ मा स्थगन गऱ्यो (अधिकारी, २०७१, २०८, २१९) । शाही कदमका विरुद्ध नेकपा र नेकाले गरेका आन्दोलनबाट सरकारले कुनै दबाब महसुस गरेन । नेका र नेकपाका विभिन्न घटक मिलेर आन्दोलन नगर्दासम्म सत्तापक्षलाई गलाउन नसकिने अवस्था प्रस्ट थियो । प्रतिबन्धित अवस्थामा भए पनि एक अर्काका प्रतिस्पर्धी जस्तै रहेका शक्ति करिब ३० वर्षपछि आएर २०४६ सालमा संयुक्त जनआन्दोलन गर्न पुगे । जुन आन्दोलनले २०१७ सालमा खोसिएको प्रजातन्त्र पुनःस्थापना गऱ्यो ।

**प्रजातन्त्र पुनःस्थापनापछिका आमनिर्वाचन**

संयुक्त जनआन्दोलनको बलमा प्रजातन्त्र पुनस्थापनापछि २०४८ वैशाख २९ मा भएको पहिलो आमनिर्वाचनमा २६ ओटा दलले भाग लिएका थिए । त्यसमध्ये नेकपा नामका ६ ओटा पार्टीहरू थिए । ती पार्टीले कुल ३६.७९ प्रतिशत मत प्राप्त गरे (अन्तर्राष्ट्रिय मञ्च, २०५६, १९) । जुन २०१५ सालको तुलनामा ५ गुनाभन्दा बढी मत थियो । कम्युनिस्ट घटकहरू विभाजित भएर निर्वाचनमा गएको हुँदा बहुमतका साथ सरकार गठन गर्ने अवसर नेकाले पायो । ३० वर्षे शासनपछि भएको राजनीतिक परिवर्तनसँगै जनताको जीवनमा त्यही खालको परिवर्तन हुने आशा गरियो । सरकारले जनतामा आशा जगाउने खालका काम गर्न नसकेको अवस्थामा तीनखम्बे अर्थनीति अपनाउँदै पञ्चायतीकालमा बनेका उद्योग कलकारखाना निजीकरण गऱ्यो । विधि र पद्धति बसाउने होइन बरु बिगार्ने क्रम बढेर गयो । एकातिर सरकारको काम गर्ने शैलीबाट जनता निराश हुँदै थिए भने अर्कोतर्फ सत्तारुढ दलभित्रको आन्तरिक कलहका कारण मुलुकलाई मध्यावधि निर्वाचनमा धकेलियो ।

२०५१ सालमा भएको मध्यावधि निर्वाचनमा २४ दलले माग लिएका थिए । त्यसमध्ये नेकपा नामका ५ ओटा पार्टी थिए । २०४८ सालमा भाग लिएको जनमोर्चाले यसपटक भने निर्वाचन बहिष्कार गरेको थियो । निर्वाचनमा भाग लिएका कम्युनिस्ट घटकले ३३.९२ प्रतिशत मत पाएका थिए (अन्तर्राष्ट्रिय मञ्च, २०५२, ४०) । विभिन्न घटकमा विभाजित हुँदै निर्वाचनमा भाग लिदा एमाले सबैभन्दा ठुलो दल हुनपुग्यो । तत्कालीन परिणामलाई मूल्याङ्कन गर्दा कम्युनिस्ट घटकहरूका बिच एकता हुनसके बहुमतका साथ सरकार बनाउने अवसर पाउने स्पष्ट देखिन्थ्यो । जनताको ठुलो हिस्सा कम्युनिस्ट पार्टीप्रति आकर्षित हुँदाहुँदै पनि नेकपा भने विभिन्न घटकमा विभाजित थियो ।

## नेकपा (एमाले) को नेतृत्वमा अल्पमतको सरकार

२०५१ सालमा भएको मध्यावधि निर्वाचनमा कुनै पनि दलले बहुमत पाउन सकेनन् । संसद्मा कुनै दलको बहुमत नआएको हुँदा बहुमत पुऱ्याएर सरकार गठन गर्ने बाटो सबैका लागि खुल्ला थियो । त्यसका लागि नेकाले सक्दो प्रयास गऱ्यो तर सफल भएन । त्यसपछि नै प्रतिनिधिसभामा सबैभन्दा ठुलो दल हुनुका हिसावले सरकारको नेतृत्व गर्ने अवसर नेकपा एमालेले पायो । फलतः २०५१ मङ्सिर १३ गते मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन भयो । सोभियत सङ्घ र पूर्वी युरोपमा समाजवादी सत्ता ढल्दै विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको समयमा नेपालको इतिहासमा नै पहिलो पटक कम्युनिस्ट पार्टीको सरकार गठन भयो । सरकारले आफ्नो गाउँ आफै बनाउ, जेष्ठ नागरिकको सम्मानस्वरूप बृद्धभत्ता दिने, जनजाति आदिवासी र पिछडिएको क्षेत्रका बालबालिकालाई पढ्न छात्रवृत्तिको व्यवस्थाजस्ता लोककल्याणकारी कामलाई अघि साऱ्यो (पोखरेल, २०६९, १२७) । सरकारको कामबाट जनता आशावादी हुँदै थिए । तर प्रतिपक्षमा रहेका दलहरूले एमालेलाई सत्ताबाट हटाउने कुरालाई महव दिए । फलतः ९ महिनापछि नै अल्पमतको सरकार विघटन हुनपुग्यो । त्यसपछिका दिनमा संसदमा बहुमत पुऱ्याउँदै सरकार बनाउने र गिराउने कुराले निरन्तरता पाउन थाल्यो । पाँच वर्षको अवधिमा ५ ओटा सरकार गठन-विघटन हुनपुगे ।

## ब्यालेट र बुलेटमा विभाजित कम्युनिस्ट

एमालेले चौथो महाधिवेशनपछि जनताको बहुदलीय जनवाद सिद्धान्तलाई अपनाउन थालेको थियो । वामघटकमध्ये संसदीय राजनीतिमा पहिलो शक्ति रहेको एमालेमा अन्य केही घटकसमेत एकीकृत हुँदै थिए । त्यसैगरी जनताको राज्यसत्ता ब्यालेटबाट नभई बुलेटबाट मात्र सम्भव छ भन्ने माओवादीले नौलो जनवाद सिद्धान्त अपनाउँदै आयो । सोही सिद्धान्तलाई कार्यान्वयन गर्ने उद्देश्यले २०५२ फागुन १ देखि सशस्त्र विद्रोहको बाटो लियो । यी दुई घटकले लिएको सिद्धान्तले स्पष्टरूपमा कित्ताकाट गरेको थियो । अल्पमत कै भए पनि सत्तामा पुगेर त्यसको स्वाद पाएको एमालेका गतिविधि सत्ताकेन्द्रित थिए । त्यसैको एउटा घटना थियो महाकाली सन्धि । सन्धिको विषयलाई लिएर २०५४ सालमा पार्टी नै विभाजित भयो । एमालेको विभाजनले माओवादी विद्रोहलाई नै बल पुग्यो । सशस्त्र रूपमा उसका गतिविधि क्रमशः बढ्दै जानथाले ।

२०४६ सालपछि नेकाले बहुदलीय व्यवस्था र २०४७ सालको संविधानलाई उत्कृष्ट मान्दै आएको थियो । ऊ यी दुई कुरा तलमाथि हुन नसक्ने मान्यतामा दृढ थियो । एमालेले पनि २८ बुँदे असहमतिका साथ संविधानलाई स्वीकार गरेको थियो । काँग्रेससहित संसदीय शासन प्रणाली मान्दै आएका दलहरूले व्यवस्था र संविधानको रक्षार्थ सशस्त्र विद्रोहको बाटो समाएको माओवादीलाई नियन्त्रण गर्ने कुरामा

एकमत थिए । त्यसका लागि सरकारले किलो शेरा टु, जङ्गल सर्च जस्ता कार्यक्रम ल्याउँदा मौन समर्थन जनाए । हुन पनि सरकारको नेतृत्व गर्ने नेपाली काँग्रेस र प्रमुख प्रतिपक्षी दल एमाले रहेको हुँदा जनयुद्धसित राज्यसंयन्त्रको प्रयोगद्वारा प्रत्यक्ष टक्करमा आउने ती दुई पार्टी थिए (बराल, २०६८, १५०) । माओवादी विद्रोह संसदवादी दलबाट भएका विकृतिजन्य कामको पनि उपज थियो तर त्यतातर्फ तिनको ध्यान जान सकेन । बरु विद्रोहले क्रमश उचाइ लिँदै थियो । २०५६ सालको निर्वाचन हुँदा कम्युनिस्ट घटकको दुई लाइन उत्कर्षमा पुग्दै थियो । एउटा पक्ष सक्रिय बहिष्कारमा लाग्यो भने अर्को बहुमत ल्याएर सरकार बनाउने लक्ष्यका साथ लाग्यो । बहिष्कार गर्ने र भाग लिने गरी दुई पक्षमा विभाजित भए पनि निर्वाचनमा ४०.०३ प्रतिशत मत कम्युनिस्ट घटकका पक्षमा पऱ्यो (कार्की, २०६९, १०८) ।

२०५६ सालमा दोस्रोपटक बहुमत पाएको नेकाले सरकार गठन गऱ्यो । एमाले संसदमा प्रमुख प्रतिपक्षी दल भएर रह्यो । बहुमत पाएर सरकार गठन गरेको भए पनि नेकाभित्रको आन्तरिक कलहका कारण पटक पटक प्रधानमन्त्री बदल्ने काम भयो । जुन, सरकार चलाउन असफलताको द्योतक थियो । पार्टीभित्रै एकले अर्कोलाई कमजोर बनाउने खेल तीव्र बन्दै जाँदा राजाको साथ पाउने आशामा २०५८ सालमा प्रधानमन्त्री शेरबहादुर देउवाले प्रजातन्त्र लगेर दरबारमा बुझाए (शाह, २०६८, १०५) । राजाको हातमा शक्ति गएकोमा उत्साहित माओवादी उनैसँग वार्ता गरी सुरक्षित अवतरण हुने प्रयास गऱ्यो तर सफल भएन । संसदवादी दलहरू सत्ता चलाउनेदेखि राजनीतिकवृत्तमा असफल रहेको ठहर गर्दै राजा ज्ञानेन्द्रले २०१७ सालमा पिता महेन्द्रले लिएको बाटो समाउन पुगे । माओवादी पनि त्यसैभित्र पऱ्यो । राजा ज्ञानेन्द्रले चालेको कदमलाई असफल पारेर शक्तिमा स्थापित हुन खोज्ने संसदवादी दल र हतियार बिसाएर सुरक्षित अवतरण गर्न चाहेको माओवादीलाई एक ठाउँमा ल्याउने काम भारतले गऱ्यो । हुन पनि राजाको कदमपछि गिरिजाप्रसाद कोइरालाको माओवादीसँग व्यवहार गर्ने इच्छा शक्ति माओवादी भित्र बाबुराम भट्टराई पक्षलाई बलियो पार्ने भारतीय रणनीति, भारतीय सरकारको वामपन्थीप्रतिको निर्भरता र शान्तिपूर्ण छिमेकीको भारतीय नीतिले बाह्र बुँदेको आधार तयार पाऱ्यो (खनाल, २०७३, ३४७) । त्यही पृष्ठभूमिमा भारतीय भूमिमा २०६२ मङ्सिर ७ मा १२ बुँदे समझदारीमा हस्ताक्षर भयो । त्यसैको जगमा टेकेर भएको २०६२/६३ सालको आन्दोलनले प्रतिनिधिसभा पुनस्थापित गऱ्यो । राज्यशक्ति जनताको हातमा आयो । लामो समयदेखिको सशस्त्र द्वन्द्व अन्त्य भएर शान्तिप्रक्रिया मार्फत माओवादी शान्तिपूर्ण राजनीतिमा अवतरण भयो ।

## संविधानसभाका दुई निर्वाचन

२०६२/६३ सालको जनआन्दोलनपछि २०५८ सालमा विघटन भएको संसद पुनस्थापनासँगै अन्तरिम सरकारको गठन भयो । जुन सरकारसँग शान्तिसम्झौता गर्दै माओवादी पनि संसदमा प्रवेश गऱ्यो । जहाँ माओवादीबाहेक अन्य दलका सांसदहरू निर्वाचन जितेर आएका थिए । माओवादीको प्रवेश भने सहमतिमा थियो । २०६२ असोजमा रुकुमको चुनवाङ्मा बसेको केन्द्रीय समितिको बैठकपछि माओवादीले संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको कार्यनीति पास गरेको थियो (शर्मा, २०७०, २००)। हुन पनि पछिल्लो समयमा आइपुग्दा माओवादीले समाजवादसम्म पनि पार्टी प्रतिस्पर्धा हुने र त्यसलाई आत्मसात गर्नुपर्ने विचारलाई अनुमोदन गर्न थालेको थियो । त्यसले गर्दा संसदमा प्रवेश गर्न सजिलो भयो । संसदमा एमाले र माओवादीको ८३-८३ सङ्ख्यामा सांसद् थिए । एमाले कै हाराहारीमा सिट दिएर माओवादीलाई संसदमा ल्याउने कुरामा दुबै शक्तिलाई लडाउन सकिने र नेकालाई राजनीतिक फाइदा हुने स्वार्थ लुकेको थियो (अधिकारी, २०७५, १७३) । माओवादी संसद छिरेकै दिनदेखि यी दुई पार्टीका बिच एकखालको शितयुद्ध

सुरु भयो । एकले अर्कोलाई कमजोर बनाएर आफु श्रेष्ठ बन्ने भन्ने ध्येयले अघि बढ्न थाले । नेकाले सहज रूपमा सरकारको नेतृत्व गर्न पाउनुमा त्यही शित युद्धको परिणाम थियो । २०१५ सालपछि ओभ्फेलमा पर्दै गएको संविधानसभाको निर्वाचन हुनुपर्ने मागलाई नेकपाका केही घटकले उठाउँदै आएका थिए । नेकाले पनि २०१७ सालको शाहीकदमपछि २०२४ जेठ १ मा संविधानसभाले संविधान वनाउन पाउनु पर्छ भन्ने निर्णय गरेका भए पनि निर्णय बैठक पुस्तिकाका पानामा मात्र सीमित थियो (अधिकारी, २०७१, २२३) । जुन विषयलाई माओवादीले सशक्त रूपमा उठाएर निष्कर्षमा पुऱ्यायो । जुन आफैमा उपलब्धिमूलक थियो । हसिया हथौडा अङ्कित झन्डा बोक्ने वामपन्थीहरू विभाजनले कमजोर भइन्छ भन्ने कुरालाई नजरअन्दाज गर्दै संविधानसभाको निर्वाचनमा विभाजित भएर गए । वामघटकमध्ये संविधानसभामा माओवादी पहिलो र एमाले दोस्रो दल भए भने अन्य साना वामघटकको पनि संविधानसभामा उपस्थिति रह्यो । संविधानसभामा समग्र वामघटकका पक्षमा ५७.६६ प्रतिशत मत खस्यो (निर्वाचन आयोग, २०६५, १६-१७) । परिणाम स्वरूप संविधानसभाको पहिलो कार्यकालमा एमालेले २ र माओवादीले २ गरी ४ पटक गठबन्धन सरकारको नेतृत्व गर्ने अवसर पाए । तर तिनै दुई कम्युनिस्ट दल बिचको अस्वस्थ्य प्रतिस्पर्धा संविधान बनाउने कुरामा बाधक रह्यो । संविधानसभा नै विघटन भयो । दोस्रोपटक २०७० मङ्सिरमा भएको संविधानसभाको चुनावमा पनि उस्तै शैली र व्यवहार रह्यो । २०६४ सालको संविधानसभा निर्वाचनमा पहिलो दल बनेको माओवादी प्रत्यक्षतर्फ २६ र सामानुपातिकतर्फ ५४ सिटका साथ तेस्रो र दोस्रो स्थानमा रहेको एमाले प्रत्यक्षतर्फ ९१ र सामानुपातिकतर्फ ८४ सिटका साथ दोस्रो भयो (प्रधानता राष्ट्रिय त्रैमासिक पत्रिका, २०७० पुष : २) । नेका संविधानसभामा सबैभन्दा ठुलो दल भयो । कम्युनिस्ट घटकले पाएको मत र सिट सङ्ख्यालाई हेर्दा संविधानसभामा उनीहरूकै सुविधाजनक बहुमत थियो । तर त्यो बहुमत विभाजित थियो । त्यसैकारण सरकार गठन गर्नेदेखि संविधान जारी गर्ने कुरामा नेतृत्वदायी भन्दा पनि सहयोगीको भूमिकामा सीमित हुनपुग्यो ।

**आमनिर्वाचन २०७४ र जनताको अभिमत**

नेपालमा पहिलोपटक २०७२ असोज ३ मा संविधानसभाबाट संविधान जारी भयो । संविधान निर्माणकै क्रममा असहमति राख्दै तराईका केही क्षत्रीय दलहरू संविधानसभाबाट बाहिरिदै आन्दोलन गर्दै थिए । संविधान जारी गर्ने शक्तिहरू अघि बढ्ने क्रममा माओवादीको समर्थनमा केपी शर्मा ओलीको नेतृत्व सरकार बन्यो । संविधान जारी भएकोमा नेपाली जनता आपसमा खुसी बाँड्दै गर्दा संविधानमा आफुले स्पेस नपाएकोमा भारत असन्तुष्ट थियो । संविधान आएको भोलिपल्टै भारतले नाकाबन्दी थाल्यो (बस्नेत, २०७५, ९६) । छिमेकी मुलुकले देखाएको हेपाहा प्रवृत्तिका विरुद्ध जुध्नु एउटा चुनौती थियो भने नयाँ संविधानअनुसार २०७४ माघभित्र तीनतहको निर्वाचन गर्नुपर्ने संवैधानिक बाध्यता थियो । निर्वाचन गराउने विषयमा उत्पन्न अवरोधलाई राजनीतिक हिसाबले हल गर्दै अघि बढ्न आवश्यक थियो । ओली नेतृत्व सरकार त्यसतर्फ लागे पनि मधेसवादी दलहरूलाई विश्वासमा लिन सकिरहेको थिएन । अर्कोतर्फ सरकार गठन गर्दा भएको सहमति पालना नभएपछि माओवादीले एमालेसँगको गठबन्धन तोड्न पुग्यो । निर्वाचन नहुँदासम्मको अवधिलाई आधार मानेर आधाआधा समय प्रधानमन्त्री हुनेगरी माओवादी र काँग्रेसका बिच सम्झौता भयो । सो सम्झौतापछि ओली सरकारका विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरियो । सरकार अल्पमत पर्ने निश्चित भएपछि प्रधानमन्त्रीबाट राजिनामा गर्न ओली बाध्य भए ।

राजनीतिक दलका दस्तावेजदेखि निर्वाचनका बेला आफुहरू बिच सैद्धान्तिक रूपमा ठुलो भिन्नता रहेको पनि सत्तामा पुग्नका लागि भने ती सबै गौण बन्दै आएका थिए । सत्ता र निर्वाचन दलहरूका केन्द्रमा पर्ने कुरा थिए । त्यसैले स्थानीय निर्वाचनमा आंशिक रूपमा भए पनि एमाले, राप्रपासँग र माओवादी,

नेकासँग चुनावी तालमेल गर्नपुगे । जुन तालमेल राजनैतिक, सैद्धान्तिक र नैतिक हिसाबले मेल खाने खालको थिएन । तर पनि राजनीतिक रूपले विपरीत धुवका शक्तिसँग मिलेर एमाले र माओवादी एकले अर्कोलाई कमजोर पार्ने लक्ष्यका साथ त्यो समिकरण बनेको थियो ।

विभिन्न चरणमा भएको स्थानीय तहको निर्वाचन परिणामपछि संघीय र प्रदेशका लागि हुने निर्वाचनको परिणाम आकलन गर्न गाह्रो थिएन । राष्ट्रवादी बनेर निर्वाचनमा गएको एमाले स्थानीय निर्वाचनको परिणामपछि झनै बढी झस्कन पुग्यो । सरकार गठनका लागि माओवादी अनिवार्य शक्ति बन्ने प्रस्ट देखेपछि काँग्रेससँगको सम्बन्ध टुटाउँदै आफुतिर ल्याउने प्रयासमा लाग्यो । त्यसका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय शक्तिलेसमेत भूमिका खेलेका थिए । तर महासचिव विष्णु पौडेलको दाबी भने हामी हाम्रो आवश्यकताले एकीकृत भएका हौँ भन्ने थियो (कान्तिपुर दैनिक २०७४ जेठ ६) । दुई ठुला कम्युनिस्ट पार्टी सङ्घीय र प्रदेशको निर्वाचनमा मिलेर जाने, निर्वाचनपछि दुबै पार्टी एक हुने निर्णयमा पुगे । जुन निर्णयले जनतामा उत्साह ल्यायो । कुलमतको करिब ५७ प्रतिशतका साथ नेकपालाई बहुमत प्राप्त भयो (www.election.gov.np)। जुन नेकपाप्रति जनताको पूर्णभरोसा र विश्वासको चरमोत्कर्ष थियो । नेकपाको नेतृत्वमा बहुमतको सरकार बन्ने कुरा राजनीतिक रूपमा जे नहुनु पर्ने काम भए त्यसको अन्त्य हुनु हो भन्ने हिसाबले बुझाइयो र जनताले त्यसैगरी बुझे ।

### ७ दशकको सङ्घर्षपछि बहुमतको सरकार

निर्वाचनमा नेकपाले सुविधाजनक बहुमत पायो । २०७४ फागुन ३ गते नेकपाका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भयो । जनताले बनाएको संविधान, जननिर्वाचित राष्ट्रपति र करिब दुईतिहाई मतका साथ सरकार गठन गर्ने कुरा नेपालको इतिहासमा पहिलो पटक भएको थियो । नेकपाले बहुमत पाएको खुसीयालीमा विजय ऱ्याली गरेका जनता ओली नेतृत्वमा सरकार बनेपछि घर घरमा दिपावली गरे । ७ दशकदेखिको अनवरत आन्दोलन, समर्पण र त्यागको परिणाम स्वरूप नेकपालाई यो अवसर जुटेको थियो । पटक पटक बहुमत पाउदा नेपाली काँग्रेसले काम गर्न नसकेको र त्यसैको विकल्प शक्तिका रूपमा आएको हुँदा नेकपाप्रति जनताले आशा गर्नु स्वाभाविक थियो । करिव ७ दशकदेखि राज्यबाट ठगिएका र नागरिकका हिसाबले व्यवहार भोग्न नपाएका जनताले विकल्प शक्तिबाट ठुलो आशा राखे जुन स्वाभाविक थियो । २००६ सालदेखि विकल्प शक्तिका रूपमा हेरिँदै आएको शक्तिलाई बहुमतका साथ सत्तामा पुऱ्याउने काम जनताले गरे तर विडम्वना कम्युनिस्ट पार्टीमा व्यक्ति नभई नीति र विधि प्रधान हुनुपर्नेमा त्यसो हुन सकेन । बरु जनअभिमतको खिल्ली उडाउने कामले निरन्तरता पायो । दशकौंदेखि अस्थिरतमा रुमलिएको राजनीतिलाई कम्युनिस्ट पार्टीका माध्यमबाट स्थायित्वमा बदलिने चाहना चकनाचुर भयो । यो सब घटनाको प्रमुख जड सत्ता केन्द्रित राजनीति र व्यक्तिवादी सोच नै थियो ।

## निष्कर्ष

कुनै पनि पार्टीको गठन गर्ने परिस्थिति विश्वपरिवेश र देशको आवश्यकतामा भर पर्ने कुरा हो । नेकपा पनि त्यसैको वरिपरि रहेर गठन भएको थियो । जनताले राजनीतिक दल छान्ने आधार भनेको त्यसले लिएको नीति नै हो । नेकपा गठन भएर अघि बढ्दै गर्दा ‘अर्धसामन्ती, अर्धऔपनिवेशिक’ राज्यसत्ताका विरुद्ध सङ्घर्ष गर्ने कुरा हुँदासम्म कम्युनिस्ट पार्टी सिङ्गो थियो । तर त्यो सङ्घर्ष चाहिँ कसरी हुन्छ ? कसरी गर्ने ? भन्ने तर्कसहित फुट्नेक्रम तीव्र गतिमा हुनथाल्यो । नेकपाको शक्तिलाई नियन्त्रण गर्ने

उद्देश्यले उसका क्रियाकलापमाथि प्रतिबन्ध लगाए पनि स्वयम नेकपा छोटो समयमा नै विभाजित हुनुको दोषी नेताहरू नै थिए । कतिपय अवस्थामा कम्युनिस्ट घटकहरूका बिच सैद्धान्तिक मतभेद जस्तो देखिए पनि त्यहाँ व्यक्तिगत स्वार्थले बढी काम गरेको थियो भन्ने प्रशस्त आधारहरू भेटिन्छन् ।

२००७ सालको क्रान्ति, राजा महेन्द्रको उदय र प्रभाव, २०१७ सालको कू र पार्टीहरूमाथिको प्रतिबन्ध, २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत सङ्ग्रह, २०४६ सालको जनआन्दोलन र संसदीय व्यवस्थाको औपचारिक सुरुआत, यस्ता अनेकौं समय र परिस्थितिहरू व्यहोर्दै आएको नेपाली समाजमा कम्युनिस्ट आन्दोलनले आफ्नो स्थापनाकालीन क्रान्तिको कार्यभार नै बोकेर अघि बढ्ने प्रयास छाडेको थिएन । नेकपाको त्यो प्रयास जारी रहँदै गर्दा राष्ट्रिय मात्रै हैन, अन्तर्राष्ट्रिय परिस्थितिमासमेत धेरै परिवर्तन भइसकेका थिए । विश्वभरिका कम्युनिस्ट आन्दोलनहरू एकपछि अर्को गर्दै ओरालो लागिरहेको थियो । देशभित्र विकल्प शक्तिका रूपमा विकास गर्ने गरी गठन भएको पार्टी विश्व कम्युनिस्ट आन्दोलनमा देखा परेका मतभेदबाट बढी प्रभावित हुनु झनै कमजोरी पक्ष थियो । त्यसैले त ब्यालेटलाई छाडेर बुलेट समाउनेसम्मका गतिविधि भए । नेपाली जनताले नेकपालाई विकल्प शक्तिका रूपमा हेरेको कुरा निर्वाचनका बेला आएको मतपरिणामले देखाउँथ्यो तर नेताको स्वार्थले त्यसलाई छायाँमा पार्दै आयो । विभाजित हुँदा शक्ति क्षयीकरण हुने र एकतामा बल हुने २०७४ सालको सङ्घीय निर्वाचन परिणामले कम्युनिस्टहरूलाई सन्देश दियो । यद्यपि सात दशकदेखिको अनवरत सङ्घर्षपछि बहुमतको सरकार गठन गर्न सफल भएको भए पनि व्यक्तिवादी सोच हाबी हुँदा जनताले २००७ सालपछि कै नियति भोग्नु पर्‍यो ।

## सन्दर्भसामग्री

*अन्तर्राष्ट्रिय मञ्च* (२०५२). वर्ष ११. अङ्क ४ (वार्षिक अङ्क) ।

अन्तर्राष्ट्रिय मञ्च (२०५६). *नेपालका आमनिर्वाचनहरू.* अन्तर्राष्ट्रिय मञ्च ।

अधिकारी, भरतमोहन(२०७५). *संसद्देखि संविधानसभासम्म.* घोस्ट राइटिङ् नेपाल ।

अधिकारी, सूर्यमणि(२०७१). *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास.* निराला पब्लिकेसन्स् ।

उप्रेती, प्रेमरमण र बुढाथोकी.चन्द्रविक्रम(सम्पा.)(२०५६). *पोलिटिकल इनिस्टाविलिटी इन नेपाल : इम्प्याक्ट अन नेपाली डेमोक्रेसी.* सेन्ट्रल डिपार्टमेन्ट अफ हिस्ट्री.त्रि.वि.कीर्तिपुर ।

कान्तिपुर दैनिक. २०७४ जेठ ६. वर्ष २६.अङ्क ९१ ।

कार्की.ज्ञानबहादुर(२०६९). *नेपालमा गणतन्त्र स्थापनाको इतिहास.* सिजल स्टोर्स ।

के.सी.सुरेन्द्र(२०६५). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (पहिलो भाग)(चौथो संस्करण).विद्यार्थी पुस्तक भण्डार ।

के.सी.सुरेन्द्र(२०६०). *नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास* (दोस्रो भाग).विद्यार्थी पुस्तक भण्डार ।

के.सी.सुरेन्द्र(२०६२). *ऐतिहासिक दस्ताबेज सङ्ग्रह,* पहिलो भाग. पैरवी प्रकाशन ।

खनाल, गोपाल(२०७३). *भूराजनीति* (नेपाली राजनीतिमा भारत चीन). फिनिक्स बुक्स ।

गौतम, राजेश(२०५५). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काँग्रेस.* श्रीराम श्रेष्ठ र कृष्णमुरारी अधिकारी ।

गुरुङ, मोहनध्वज(सन् २०००). *नोट्स अन द कम्युनिस्ट मुभमेन्ट इन नेपाल.* नेपाल साहित्य केन्द्र ।

देवकोटा, गृष्मबहादुर (२०५८). *नेपालको राजनीतिक दर्पण* (भाग एक). ध्रुवबहादुर देवकोटा ।

निर्वाचन आयोग(२०६५). *संविधानसभा निर्वाचन २०६४ निर्वाचन परिणाम पुस्तिका.* निर्वाचन आयोग ।

पुष्पलाल(२०५३). *नेपालमा कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास.* पुष्पलाल स्मृति प्रतिष्ठान ।

*प्रधानता राष्ट्रिय त्रैमासिक पत्रिका.*२०७०. वर्ष ३. अङ्क २.पूर्णाङ्क १०. पुस १० ।

पोखरेल, राजकुमार(२०६९). *नेपाली कम्युनिस्टहरूको यात्राको गन्तव्य.*मोलुङ फाउन्डेसन ।

बस्नेत, बसन्त(२०७५). *७२ को विस्मय.* फाइनप्रिन्ट बुक्स ।

बराल, ऋषिराज(२०६८). *नेपाली जनयुद्ध.* समयवद्ध (द्वैमासिक) ।

भुसाल, वेदुराम(सम्पा)(२०७०). *नेपाल कम्युनिस्ट पार्टी दस्ताबेज सङ्ग्रह (भाग १).* पुष्पलाल स्मृति प्रतिष्ठान ।

भुसाल, वेदुराम.पन्थी.माधव.सापकोटा.ढाकाराम(२०७८). *नेपाल रत्न पुष्पलाल.* पुष्पलाल स्मृति प्रतिष्ठान ।

शाह, विवेक कुमार(२०६८). *मैले देखेको दरबार (सैनिक सचिवको संस्मरण).*यति पब्लिकेसन्स(तेस्रो संस्करण)।

शर्मा, सुधीर(२०७०). *प्रयोगशाला नेपाली सङ्क्रमणमा दिल्ली, दरबार र माओवादी.* फाइनप्रिन्ट बुक्स ।

सापकोटा, ढाकाराम(२०६४). *प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा मनमोहन अधिकारी.* प्रकाश अधिकारी ।

www.election.gov.np